व्यास नगरकार्यपालिकाको २१२ औं बैठक आज मिति २०८१/१२/३० गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/१२/२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३: समपूरक र विशेष अनुदान माग सम्बन्धमा ।

प्रस्ताव नं.४: वित्तीय सुशासन तथा संस्थागत स्वमूल्याङ्कनको अंक सार्वजनिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५ नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि प्रस्ताव पेश गर्नेसम्बन्धमा ।

प्रस्ताव नं.६: नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि लागत साझेदारी सम्बन्धमा ।

प्रस्ताव नं.७: नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं.८: योजना परिवर्तन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस अघि मिति २०८१/१२/२२ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा स्थानीय पुर्वाधार विकास विभाग श्रीमहल पुल्चोक ललितपुरबाट प्रकाशित सुचना अनुसार आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि तपसिलमा उल्लेखित झोलुङ्गे पुल माग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम र वडा | कैफियत |
|---|---|---|
| १. | व्यास ५ उदय मा.वि. देखि म्याग्दे १ बाखे जोड्ने झोलुङ्गे पुल निर्माण | सामाग्रीहरु खरिद भएको पुल निर्माण कार्य बाँकी |
| २. | मादीनदी झो.पु. निर्माण (व्यास ६ शेषाटार मकुन्ने खोलाबाट व्यास ७ गलम जोड्ने) | नयाँ माग |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/०८३ का लागि समपुरक र विषेश अनुदान मागको सार्वजनिक सूचना प्रकाशित भएकोमा निम्नानुसारका योजनाहरुको प्रस्ताव तयार पारी तोकिएको समय भित्र पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**विशेष अनुदान तर्फ:**

| सि.नं. | योजनाको नाम | वडा नं. | लागत अनुमान |
|---|---|---|---|
| १ | झांकीथान खानेपानी योजना | १३ | ४०,००,०००/ |

**समपूरक अनुदान तर्फ:**

| सि.नं. | योजनाको नाम | वडा नं. | लागत अनुमान |
|---|---|---|---|
| १ | कालिका मोटर मार्ग स्तारोन्नती योजना | ७ र ८ | २,००,००,०००/ |
| २ | केशवटार मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण | १३ र १४ | २,००,००,०००/ |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आ.व.०८०/८१ को वित्तीय सुशासन मूल्याङ्कनमा जम्मा ९०.५ अंक प्राप्त भएको र संस्थागत स्व:मूल्याङ्कनमा जम्मा ८३ अंक प्राप्त भएको हुँदा सो नतिजालाई विभिन्न विद्युतीय माध्यामबाट सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट २०८१/१२/२२ गतेको सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गरिएको हुँदा सो सम्बन्धमा **"ऐतिहासिक तनहुँसुर क्षेत्र संरक्षण र विकास परियोजना, कृषि तथा**

**पर्यटन प्रवर्द्धन कार्यक्रम"** प्रस्ताव गर्ने निर्णय गरियो । साथै यस कार्यक्रमको सहजीकरणका लागि वरिष्ठ प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्कीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल हुँदा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ को दफा १६ (ज) बमोजिम देहाय अनुसारको नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने

सदस्य - प्रमुख प्रशासकीय अधिकृत श्री काशीराम गैरे

सदस्य - आर्थिक विकास समिति संयोजक श्री खेमराज पोखेल

सदस्य - सम्बन्धित वडा नं. ११ का वडाध्यक्ष श्री दल बहादुर दुरा

सदस्य सचिव - कार्यक्रमको सम्पर्क व्यक्ति श्री राजेन्द्र कार्की

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि लागत साझेदारी गर्ने सम्बन्धमा जम्मा रु.२,००,००,०००। (दुई करोड) को परियोजना प्रस्ताव तयार गरी कार्यक्रम छनौट भएको खण्डमा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ को दफा २२ को उपदफा १ (ख) बमोजिम कम्तीमा ३० प्रतिशतले हुन आउने रकम रु.६०,००,०००/(साठी लाख) लागत साझेदारी गर्ने र उक्त रकमलाई आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै परियोजना स्वीकृत भएमा त्यसको पूर्ण सञ्चालन, मर्मत संभार र दीगोपनाको सम्पूर्ण दायित्व नगरपालिकाले लिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ को बजेट सि.नं. २१० बजेट कोड नं.१९४ को गोष्ठी बैठकमा छुट्याइएको रु.१,००,०००। (एक लाख) अध्ययन अवलोकन शीर्षकमा परिवर्तन गर्ने र आगामी नगर सभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

***